नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(गुनासो व्यस्थापन तथा समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन : ०१-४२११९०३

पत्र संख्या: २०७४।७५

च.नं.: १८६

मितिः- २०७५/०३/११

**विषयः निर्णय कार्यान्वयन गर्ने बारे।**

**श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,**

**(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**

भक्तपुर/गोरखा/ललितपुर/नुवाकोट/काठमाडौं/रसुवा/धादिङ/सिन्धुली/

ओखलढुंगा/मकवानपुर/रामेछाप/दोलखा/काभ्रेपलाञ्चोक/सिन्धुपाल्चोक

उपर्युक्त विषयका सम्वन्धमा त्यस जिल्ला अन्तर्गत यसैसाथ संलग्न विवरणमा उल्लेखित गुनासोकर्ताहरुको सोही स्थान वा अन्यत्र वस्न योग्य घर भएको भनी यस प्राधिकरणमा निजी आवासको क्षतिको लगत संकलनका क्रममा लेखिएको विवरणमा देखिएको र कार्यकारी समितिको मिति २०७५/३/१ गते वसेको १०७ औं वैठकबाट भूकम्पबाट क्षति भएको निजी आवास लागत संकलनका क्रममा सोही स्थान वा अन्यत्र अर्को वस्नयोग्य वस्न योग्य घर भएको भनी विवरण लेखाएका तर छुट तथा पुनजाँच सर्भेक्षणका क्रममा अर्को वसोवास योग्य घर नभएको भनी विवरण लेखाएका गुनासोकर्ताहरुको अर्को घर भए नभएको गाउँपालिका तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुलाई प्रमाणित गरी पठाउन निर्देशन दिने र सोको लागि आवश्यक समन्वय जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार) ले गर्न निर्देशन दिने भनी निर्णय भएकोले सो अनुसार गरी सिफारिश सहित पठाउनु हुन निर्णयानुसार अनुरोध छ ।

(प्रेम प्रसाद घिमिरे)

उप-सचिव

**बोधार्थः**

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

ज्वागल, ललितपुर : उपरोक्त अनुसार गर्न गराउन हुन अनुरोध छ ।